स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री स्वस्तिमा खड्का कलात्मक र व्यावसायिक दुईटै धारका फिल्ममा जमेकी छन् । 'बुलबुल' र 'चिसो मान्छे' जस्ता फिल्मले उनलाई अब्बल कोटीको अभिनेत्रीको रुपमा स्थापित गऱ्यो । 'होस्टेल रिर्टन्स', 'नाइँ नभन्नू ल ५', 'दिमाग खराब', 'छक्का पञ्जा २' जस्ता फिल्मको सफलताले उनको करिअरलाई मजबूत बनाउन ठूलो भूमिका खेले । यतिबेला उनको करिअर उत्कर्ष विन्दूमा छ । स्वस्तिमाले 'बुलबुल' देखि फरक-फरक चरित्रमा काम गरिरहेकी छन् ।

**आजको विचार...**



डा.डीआर उपाध्याय

नेतृत्वको...
*(दुई पेजमा)*



कुनै बेला रोमान्टिक हिरोको छवि बनाएका अभिनेता राजबल्लभ कोइराला अब ९ वर्षपछि फिल्ममा फर्किँदैछ । फिल्म 'एक्टर'बाट उनको कमब्याक हुन लागेको हो । करिब १० वर्षदेखि अमेरिकामा बस्दै आएका उनी यो फिल्ममा अभिनय गर्न काठमाडौं आइपुगेका छन् । उनलाई फिल्मका निर्देशक राजन भुषाल र निर्माता थमनकुमार भण्डारी सहितले स्वागत गरेका थिए । राजबल्लभले फिल्मका अभिनेता प्रदीप खड्का र अभिनेत्रीद्वय आना शर्मा र दिव्या रायमाझीसँग पनि भेट गरिसकेका छन्।

❐ वर्ष २९ ❐ अंक ३०४ ❐ २०८१ जेठ २१ गते सोमबार 3 June 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# सत्तारूढ दललाई नै मन परेन बजेट

## के भन्छन् एमालेका नेता ?

**हाम्रा संवाददाता**

**पाल्पा**, जेठ २०/ आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटप्रति उद्योगी व्यवसायीहरु उत्साहित भए पनि सत्तारुढ दलका नेताहरु नै असन्तुष्टि देखिएका छन् । सरकारले बजेटमा राजनीतिक दलसहित समग्र क्षेत्रबाट प्रशंसा भएको दाबी गरे पनि सत्तारूढ दलका नेताहरु नै बजेटप्रति असन्तुष्ट देखिएका हुन् । अर्थमन्त्री वर्षमान पुनले सार्वजनिक गरेको बजेटमा सत्तागठबन्धनको सबैभन्दा ठूलो दल नेकपा एमालेले नै मन पराएको छैन ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नै आगामी आर्थिक वर्षको बजेट अर्थमन्त्री र उनको दल नेकपा माओवादी केन्द्रको जस्तो बनेको टिप्पणी गरेका छन् । शनिबार संसदीय दलको बैंठकमा अध्यक्ष ओलीले सत्तारूढ दलहरूसँग परामर्श नगरी आएको बजेट अर्थमन्त्री र माओवादीतिर ढल्किएजस्तो देखिएको आरोप लगाएका थिए । उनले बजेट सरकारमा सहभागी दलहरूसँग परामर्श, छलफल गरेर ल्याएको भए राम्रो हुने टिप्पी गरेका छन् ।

ओलीले छलफलमा आफ्ना सांसदहरुलाई बजेटमाथि प्रश्न गर्न समेत भनेका छन् । उनले बजेटप्रति आलोचना गरे पनि समर्थन र पारित भने गर्ने उल्लेख गरेका छन् । 'बजेटलाई समर्थन गर्छौं र पारित गर्छौं । यसको अर्थ बजेटमा रहेको कुनै कमी पनि औंल्याउनै हुँदैन भन्ने होइन । बजेटमा रहेको कमी माननीयज्यूहरूले आृनो क्षेत्र, जिल्ला र प्रदेशमा हिजोको अवस्था र आजकोमा के कमीकमजोरी छ ?, के समावेश हुनुपर्थ्यो भएन ? वा के घट्यो ? यस्ता कुराहरूमा स्वाभाविक रूपमा छलफलमा प्रश्न उठाउन सक्नुहुन्छ,' ओलीले भने पूर्वअर्थमन्त्री तथा नेकपा एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पनि बजेट तयार पार्दा अर्थमन्त्री वर्षमान पुनले सत्तारुढ दलसँग छलफल नै नगरेको बताए । प्रतिनिधिसभाको आइतबारको बैठकमा आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान माथि आफ्नो धारणा राख्दै उनले आफुहरुसँग कुनै छलफल नै नगरी अर्थमन्त्रीले बजेट ल्याएको आरोप लगाए । पौडेलले भने 'सत्तापक्षीय राजनीतिक दलसँग सुझाव ल्याएको भए बजेट अझ राम्रो आउँथ्यो ।' आगामी आर्थिक वर्षको बजेटमार्फत कृषिमा लगानी दशक घोषणा गरिएको भए पनि चालु आवको तुलनामा आगामी आवको भन्दा बजेट घटेको पूर्वअर्थमन्त्री पौडेलले बताए । कृषिमा लगानी दशकजस्तै सूचना प्रविधि क्षेत्रमा पनि लगानी दशक घोषणा भएकाले कुन क्षेत्रलाई प्राथमिकतामा राख्न खोजेको हो भन्नेबारे अन्योल देखिएको उनको भनाइ छ ।

सरकारले महत्वाकांक्षीभन्दा पनि उच्च आकांक्षी बजेट ल्याएको पूर्वअर्थमन्त्री पौडेलको तर्क छ । एमालेले बजेटप्रति असन्तुष्ट जनाए पनि माओवादीका नेताहरुले भने सरकारको बचाउ गरेका छन् । माओवादी केन्द्रलका सचिव तथा सांसद देवेन्द्र पौडेलले बजेट सल्लाहमै आएको दाबी गरेका छन् । बजेटमा क्याबिनेटमा मन्त्रालयहरूबाट आउने योजना नै आउने बताए । सचिव पौडेलले एक/दुईवटा योजना छुटेको हुनसक्ने भए पनि सल्लाह नै नभएको भन्ने एमाले अध्यक्ष ओलीको कुरामा सत्यता नभएको जिकिर गर्दै आएका छन् ।




## संक्षिप्त समाचार

### मनसुनी बाढीका कारण १४ को मृत्यु

**(रासस/एएफपी)**

**कोलम्बो,** जेठ २०/टापु राष्ट्र श्रीलङ्कामा मनसुनी आँधीबेहरीसहित आएको बाढी, पहिरो र रूखहरू ढलेका कारण कम्तीमा १४ जनाको मृत्यु भएको मुलुकको प्रकोप व्यवास्थपन केन्द्र ( डिएमसी) ले आइतबार बताएको छ । आइतबार राजधानी कोलम्बो नजिकै एकै परिवारका तीन सदस्यसहित केहीको डुबेर मृत्यु भएको छ । डिएमसीले ११ वर्षीया बालिका र २० वर्षीय पुरुषसहित अन्य पहिरोमा पुरिएको बताएको छ । मे २१ मा मनसुन तीव्र भएदेखि सात जिल्लामा रुख ढलेर अन्य नौ जनाको ज्यान गएको डिएमसीले जनाएको छ । श्रीलङ्का सिँचाइ र जलविद्युत्का लागि मौसमी मनसुन वर्षामा निर्भर छ । विज्ञहरूले जलवायु परिवर्तनका कारण विश्व तातो भएकाले मुलुकले बारम्बार बाढीको सामना गर्नुपरेको चेतावनी दिएका छन् । डिएमसीले देशका २५ मध्ये २० जिल्ला भारी वर्षाले प्रभावित भएको र मुख्य नदी किनारमा बस्ने मानिसहरूलाई उच्च जमिनमा जान चेतावनी दिइएको बताएको छ ।कोलम्बोको मुख्य अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेका उडानहरूलाई सानो विमानस्लमा मोडिएको छ र केही प्रमुख राजमार्गहरू धेरै निकासहरूमा बाढी आएको छ । थप वर्षाको सम्भावना रहेकाले सरकारले साताको बिदापछि सोमबार पनि सबै विद्यालय बन्द गर्न निर्देशन दिएको छ ।

## आज जातीय भेदभाव उन्मूलन दिवस




**पाल्पा,** जेठ २०/आज जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस देशभर जनचेतनामुलक कार्यक्रम आयोजना गरी मनाइँदैछ । २१ जेठ २०६३ मा संसदले नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको सम्झनामा २०६८ देखि यो दिवस मनाउन शुरु गरिएको हो ।

जातीय विभेद तथा छुवाछुतमुक्त राष्ट्र घोषणा भएको १८ वर्ष पूरा भएको छ । यद्यपि, विभेदका घटनामा भने कमी आउन सकेको छैन । जनआन्दोलन पछिको पुर्नस्थापित संसदले २०६३ साल जेठ २१ गते नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको थियो । व्यवस्थापिका संसदले २०६८ जेठ १० गतेका दिन जातीय भेदभाव तथा छुवाछुतको कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समेत पारित गरेको थियो ।कानूनमा जातीय विभेद अन्त्य भएपनि व्यवहारिक रुपमा कार्यान्वयन नभएको अधिकारकर्मीको भनाई छ । राष्ट्रिय दलित आयोगले जातीय भेदभाव तथा छुवाछुतको कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएको एक दशक भन्दा बढी समय भएपनि व्यवहारिक कार्यान्वयन नभएको बताएको छ ।

## प्रजनन् स्वास्थ्य परीक्षण तथा व्यवस्थापन शिविर सञ्चालन

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ २०/लायन्स क्लव अफ रणउजिरेश्वरीको आयोजना र नेपाल परिवार नियोजन संघ पाल्पाको प्राविधिक सहयोगमा एक दिने एकिकृत प्रजनन् स्वास्थ्य परीक्षण तथा व्यवस्थापन शिविर सञ्चालन भएको छ । शिविरमा महिलाहरुलाई केन्द्रीत गरेर विभिन्न पाँच प्रकार सेवा, चेक जाँच तथा परामर्श दिइएको थियो ।

शिविरमा पाठेघर मुखको क्यान्सर परीक्षण, छातिको क्यान्सर परीक्षण, आङ खस्ने परीक्षण, प्रजनन् अंगहरुको संक्रमण तथा यौन रोग परीक्षण र एकिकृत प्रजनन् स्वास्थ्य परीक्षण सेवा प्रदान गरिएको थियो । कार्यक्रममा ६५ जना महिलाहरुको विभिन्न परीक्षण तथा प्रजनन् परामर्श लिएका थिए । परीक्षणको क्रममा ३ जनामा मात्र पाठेघरको मुखको क्यान्सर पोजेटिभ र ७ जनामा यौन रोग देखिएको थियो । पोजेटिभ देखिएका विरामीहरुको पनि थप उपचार परिवार नियोजन शाखा पाल्पामा हुने छ । कार्यक्रममा रणउजिरेश्वरी लायन्स क्लवकी संस्थापक पाल्पा अध्यक्ष मिना पन्थीले वार्षिक कार्ययोजना अनुसार स्वास्थ्य शिविर सञ्चालन गरिएको बताईन । कार्यक्रममा लायन्सका जिल्ला सल्लाहकार राजेन्द्र लिगलले क्लवले मानवहितका लागि राम्रा-राम्रा कामहरु गर्दै आएको बताए । लायन एरिया प्रमुख भिमबहादुर श्रेष्ठले पाल्पामा रणउजिरेश्वरीले जनताको भावना अनुसार काम गरेको बताए । लायन सकुन्तला बज्राचार्यले सामाजिक सेवाको भावनाले लायन्स क्लवहरुले काम गर्दै आएको बताईन । कार्यक्रममा नेपाल परिवार नियोजन संघका कार्यवाहक अध्यक्ष माधव अर्यालले निस्दीदेखी रैनादेवीसम्म नि:शुल्क रुपमा प्रजनन् स्वास्थ्य शिविर गर्दै आएको बताए । कार्यक्रममा नेपाल परिवार नियोजन संघ पाल्पाका प्रवन्धक शोवाकान्त न्यौपानेले महिलाहरुको प्रजनन् स्वास्थ्य नियमित रुपमा परीक्षण गर्नुपर्ने, पाठेघर मुखको क्यान्सर, छातिको क्यान्सर, महिलाको आङ खस्ने, यौन रोग परीक्षण तथा उपचार संघबाटै नियमित रुपमा प्रदान गर्दै आएको बताए । रणउजिरेश्वरी लायन्स क्लवले परिवार नियोजन संघमै नि:शुल्क स्वास्थ्य शिविर राखी सेवा गर्ने अवसर दिएकोमा धन्यवाद दिए । शिविरकी संयोजक एवं लायन ज्योती राजभण्डारीले महिलाहरुको मात्र एकिकृत प्रजनन् स्वास्थ्य शिविर प्रभावकारी भएको बताईन ।



क्लवकी अध्यक्ष सरस्वती राजभण्डारीको अध्यक्षता, प्रथम उपाध्यक्ष शान्ती थापाको स्वागत र महासचिव अरुणा भट्टराईको सञ्चालनमा भएको थियो । संघका चिकित्सक डा. राकेशलाल बज्राचार्यले स्टाफनर्स चाँदनी श्रेष्ठ र सिनियर अनमी सरस्वती पन्थी लगायतले शिविरमा सेवा प्रदान गरेका थिए । शिविरमा उपचार गरेका विरामीहरुलाई नि:शुल्क उपचार,औषधी तथा परामर्श दिइएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## भेदभाव र छुवाछुतको अन्त्य गरौं

नेपाली समाजमा अझै पनि जातिय भेदभाव र छुवाछुत कायमै रहेको छ । यो नाम वा त्यो नाममा भेदभाव र छुवाछुत हुने गरेको छ । यो अत्यन्त दुखको कुरा हो । जात, धर्म, पेसा, क्षेत्र, लिंग, अपांगता, शारीरिक प्रणाली आदिका आधारमा गरिने भेदभाव छुवाछुत हो । नेपालको विकराल छुवाछुत प्रथा मूलतः जातीयरूपमा आधारित छ । यो जातीय भेदभाव तथा छुवाछुत प्रथा मुलुकमा जबरजस्त रूपमा स्थापित सामाजिक कलंक हो ।

यसलाई अन्त्य गर्न २०६३ जेठ २१ गते नेपालको पुनर्स्थापित संसदले मुलुकलाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो । सोही दिनको स्मरण गर्दै हरेक वर्षाको जेठ २१ गते अर्थात् आजकै दिन जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवसका रूपमा मनाउने गरिन्छ । मुलुक ‘छुवाछुत मुक्त राष्ट्र’ घोषणा भएको १८ औं वर्ष पूरा भएको छ तथापि, दैनिक जस्तो छुवाछुत तथा जातीय भेदभावसम्बन्धी घटना घटिरहेका छन् । यो विडम्वनाको कुरा हो । नेपालमा छुवाछुतका विषयमा दलित समुदाय र गैरदलित समुदायबीच मत विभाजित रहेको छ । यथार्थमा छुवाछुत समस्या समाधानमा दलित समुदायभन्दा बढी गैरदलित समुदाय जागरुक हुन आवश्यक छ ।

नेपाली समाजमा कतै जातिय भेदभाव, कतै लैङ्गिक भेदभाव हुने गरेका घटनाहरु थुप्रै हुने गरेका छन् । जातीय आधारमा अहिले पनि छुवाछूतजन्य संस्कार समाजमा स्थापितरुपमै विद्यमान छ । बारम्बार प्रकट हुने घटना र त्यसबाट भड्किँदो हिंसारुपी ज्वालाले अझै पनि समाजलाई विभाजित बनाइरहेकै छ । कतै तल्लो जातको भन्दै दिसा खुवाइएका घटनाहरु छन् त कतै सानो जात भनेर बोक्सीको आरोप लगाउँदै चरम यातनासमेत दिइरहेको पाइन्छ । कतै मन्दिर प्रवेश गरेको भन्दै मारिएका घटनाहरु अघि आउँछन् त कतै माथिल्लो जातसँग प्रेम गरेकै आधारमा ज्यानै जाने गरी सजाय दिइएका उदाहरणहरु खोज्ने हो भने बग्रेल्ती भेटिन्छन् ।

मानिस भएर जन्मिएपछि जातीय विभेद र छुवाछूतको बन्धनमा बाँधिदै अपमानितसँगै अवहेलित हुने सन्दर्भहरु अहिले पनि ठाउँ–ठाउँमा घटित भैरहनुले अन्धविश्वासलाई नै बढवा दिइरहेको छ । छुवाछुत भेदभाव गर्नु भनेको मानव अधिकार हनन् गर्नु नै हो । यसर्थ विभेद र छुवाछुतको जरैदेखि अन्त्य गर्न जरुरी छ । यसतर्फ सरकार र सरोकारवालाहरु गम्भीर बन्नुपर्छ ।

## Opinion @ Social Network

दुनियाको सबैभन्दा ठुलो शक्ति भनेको सकारात्मक सोच हो जुन सबै सँग हुदैन ।
*(कृष्ण कार्कीको फेसबुकस्टाटस https://www.facebook.com/karki.krishna02)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेतृत्वको नातावाद, कृपावादसँगै अस्वस्थ खेल



डा.डीआर उपाध्याय

दशकौं लामो संघर्ष, बलिदान र क्रान्तिपछि देशमा लोकतन्त्र गणतन्त्र प्राप्त भएको छ । सयौं मानिस शहीद, हजारौं जेल नेलका साथै अन्य विविध प्रताडनाले आजको यो व्यवस्था ल्याएको हो ।

यसरी ल्याएको व्यवस्था आज कतै बाँदरको हातमा नरिवल त भएको छैन भन्ने संशय सर्वत्र पाइन्छ । आमजनताको विश्वास, भरोसामा हाम्रा भनिएका दलहरू खरो उत्रन नसक्दा आजको अवस्थाबाट ग्रुजिनु परेको तीतो यर्थाथ हो । देश नातावाद, कृपावाद, चकडीवादले घेरिएको छ । गणतन्त्रपछि देशले ठूलो आर्थिक फडको मार्छ भन्ने आमजनताको विश्वास निराशामा परिणत भएको छ । यसले आमजनतामा चरम निराशा बढ्दै गएको छ । राजनीति दलका नेताहरूले देश र जनताको निम्ति इमानदारीपूर्वक काम नर्गदा दूर्दशा भएको हो भन्न कत्ति हिच्किचाउनुपर्ने अवस्था छैन ।

अझै देश यही अवस्थामा रहने हो भने आर्थिक रूपमा कहाँ पुगौला अहिलेलाई कल्पनामात्र गर्न सकिन्छ । हाम्रो निस्कने सुरुङमा उज्यालो टाढा-टाढा सम्म देख्न नसकिनु दुभाग्य हो । देशमा स्वच्छ र स्वस्थ प्रतिस्पर्धाबाट कुनै काम हुनकेको छैन, सबै भनसुनमा भइरहेका छन् । केही कर्मचारीहरूले पैसाविना पटक्कै फाइल अघि सार्दैनन् । यो देशका लागि इमानदारीका साथ काम गर्ने मान्छे भेटाउन मुस्किल छ । देशमा व्यवस्था परिवर्तन भए पनि जनताको अवस्थामा परिवर्तन आउन नसक्नुले चरम निराशा उत्पन गराएको छ ।

लोकतन्त्रको लागि भएको ऐतिहासिक जनआन्दोलन २०६२/०६३ को भावनानुरूप नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनमा आएसँगै राजामा निहित रहेको शक्तिलाई हटाई गणतन्त्रात्मक शासन व्यवस्थाको लागू भई मार्ग प्रशस्त गर्ने काम भयो । नेपालको संविधानसभाले विसं २०६५ साल जेठ १५ गते २४७ वर्षदेखिको राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त्य गरी गणतन्त्र स्थापना गऱ्यो । यो गौरवको विषय थियो । तर, गलत पात्र र गलत सोच चिन्तन भएकाहरूको हातमा नेतृत्व पुग्दा समस्या निम्तिएको छ । मुलुक बर्बाद गर्नेहरू दलका अन्धभक्त, झोले र आसेपासे पनि हुन् । आज यो देशमा बौद्धिक मान्छेको कुनै कदर छैन ।

उनीहरूको कुरा सुन्नसम्म नेतृत्ववर्गलाई फुर्सद छैन । वास्तवमा सत्ताको कुर्सी अन्धो हुने रहेछ क्यारे । त्यहाँ पुगेपछि नेताहरू जनताका सबै कुरा बिर्सँदा रहेछन् । नेताहरू पार्टीगत र व्यक्तिगत स्वार्थमा रुमल्लिरहेका छन् । जसले गर्दा मुलुकको प्रगति हुन सकिरहेको छैन । संघीय संसद्मा नयाँ बजेट आयो । तर, जनतामा उत्साह नै छैन । बजेटमा खासै नयाँ कुरा समेटिएको देखिएन । बजेट जति राम्रो आए पनि कार्यान्यवन पक्ष फितलो भयो भने त्यसको कुनै अर्थ रहने छैन ।

मुलुकमा गणतन्त्र आएको १७ औं वर्ष भयो । यही अवसर पारेर जेठ १५ गते विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस मनाइयो । तर, गणतन्त्र दिवस मनाइरहँदा जनतामा त्यति उत्साह देखिएन । राजनीतिक दल र तिनका नेताहरूमात्र खुशी भएको देखियो । उपलब्धिलाई रक्षा गर्न सकिँदैन । गणतन्त्र ल्याउन नेपाली जनताको लामो बलिदान र संघर्ष छ । ठूलो त्याग र तपस्या छ । माओवादी सशत्र युद्ध र तत्कालीन सात दलको जनआन्दोलन सफल नभएको भए त्यसपछि मधेस आन्दोलन नभएको भए गणतन्त्र आउने सम्भावना थिएन । जुन राजनीतिक दलले गणतन्त्र ल्याए तिनै दलका नेताहरू आज सुख सयल र आरामको जिन्दगी बिताइरहेका छन् ।

लोकतन्त्र र परिवर्तनकारी शक्तिहरू विभाजित हुँदा आज केही तत्व व्यवस्था विरुद्ध आवाज उठाइरहेका छन् । जुन लक्ष्य र उद्देश्य लिएर गणतन्त्र घोषणा गरिएको थियो त्यस अनुसारको परिणाम राज्यले दिन सकेन । गणतन्त्र राजनीतिक दल र तिनका सीमित नेता अनि तिनका आसेपासेलाई मात्र आयो । स्थानीय तहदेखि प्रदेश हुँदै केन्द्र सम्मका जनप्रतिनिधिहरू र उनका सचिवालय कर्मचारी पाल्दा देशको अर्थतन्त्रले थेग्न नसकिरहेको अवस्था देखिएको छ । लडेर ल्याएको गणतन्त्र के यही हो ? अभ्यास गरेका र गणतन्त्रमा गएका देशहरू आर्थिक विकासमा धेरै फड्को मारिरहेका छन् । हिजो जुन अवस्थामा थियौं आज हामी त्यही अवस्थामा छौं । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था उत्तम व्यवस्था हो तर शासन व्यवस्था चलाउने नेतृत्व वर्ग साँघुरो सोचका भए । यहाँ मान्छे भन्न थाले गणतन्त्रको व्यापक दुरुपयोग भइरहेको छ । ठेकेदार, तस्कर, माफियाहरूलाई टिकट दिएर उनीहरू नै पैसाको आडमा चुनाव जितेर आउँछन् र तिनैले शासन चलाउँछन् । स्थानीय तहतिर पनि पैसावालाहरूको हालीमुहाली छ ।

*समाजको तल्लो तहले गणतन्त्रबाट केही फाइदा लिन सकेको छैन । गणतन्त्र हुने-खाने वर्गमा मात्रै सीमित भयो । परम्परागत शासकीय पद्धतिको विस्थापनसँगै आमजनताको जीवनमा पनि प्रतिफल देखापर्ने अपेक्षा थियो तर जनताको आशामा तुषारापात भएको छ । यहाँनिर आएर गडबड भएको छ । के यही देख्न नेपाली जनताले लडेर ल्याएको गणतन्त्र ? देशैभर हर्षोल्लासपूर्वक दीप बालेर १७औं गणतन्त्र दिवस मनाइरहँदा दैनिक ज्याला मजदुरी गरी जीवन चलाउँदै आएका श्रमिक तथा मजदुरहरूलाई भने बिहान-बेलुकाको हात मुख जोड्ने चिन्ता छ ।*

*संघीय लोकतान्त्रिक गणतन्त्र श्रमिक, मजदुरका लागि आउनुपर्दथ्यो तर व्यवहारमा देखिएन । मजदुरका लागि रोजगारीको व्यवस्था गरेको खोइ ? देखिरहेका छन् नेताहरू कुर्सीको लागि लडिरहेका छन् ।*

वास्तवमा जनताले सोचेअनुसार गणतन्त्रले केही परिणाम दिँदो रहेनछ भन्ने भ्रम परिरहेको छ ।

राजनीतिक दलहरूले चुनावका बेलामा जनतालाई बाँडेका आश्वासन इमानदारीका साथ पूरा गरिदिने हो भने अरू केही गर्नुपर्दैन । देशमा निष्ठाको राजनीति हिजो थियो तर आज छैन । गणेशमान, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, बलबहादुर राई, बुद्धिमान तामाङ लगायतका नेताहरूले लाभको राजनीति गरेनन् । उनीहरू आफ्नो निष्ठामा सधैं अडिग रहे । अहिलेका नेताहरू कमाउ धन्दामा छन् । व्यवस्था परिवर्तनपछि संघ, प्रदेश र स्थानीय तहका निर्वाचनहरू समेत दुई-दुई पटक सम्पन्न भए । गणतन्त्र स्थापनासँगै मुलुकको राष्ट्राध्यक्ष हुने अधिकार नागरिकको पहुँचमा पुगेको छ तर जनताले त्यसको अनुभूति गर्न पाएका छैनन् । गणतान्त्रिक पद्धतिमा प्रवेश गर्दा पनि मुलुकले समृद्धिको बाटो समाउन किन नसकेको होला ? देश र जनताको भाग्य र भविष्य अन्योलमा छ । सुरुका दिनमा जनतामा जुन किसिमको आशा र उत्साह थियो आज त्यो उत्साह सबै निराशामा बदलिएको छ ।

समाजको तल्लो तहले गणतन्त्रबाट केही फाइदा लिन सकेको छैन । गणतन्त्र हुने-खाने वर्गमा मात्रै सीमित भयो । परम्परागत शासकीय पद्धतिको विस्थापनसँगै आमजनताको जीवनमा पनि प्रतिफल देखापर्ने अपेक्षा थियो तर जनताको आशामा तुषारापात भएको छ । यहाँनिर आएर गडबड भएको छ । के यही देख्न नेपाली जनताले लडेर ल्याएको गणतन्त्र ? देशैभर हर्षोल्लासपूर्वक दीप बालेर १७औं गणतन्त्र दिवस मनाइरहँदा दैनिक ज्याला मजदुरी गरी जीवन चलाउँदै आएका श्रमिक तथा मजदुरहरूलाई भने बिहान-बेलुकाको हात मुख जोड्ने चिन्ता छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र श्रमिक, मजदुरका लागि आउनुपर्दथ्यो तर व्यवहारमा देखिएन । मजदुरका लागि रोजगारीको व्यवस्था गरेको खोइ ? देखिरहेका छन् नेताहरू कुर्सीको लागि लडिरहेका छन् ।

देशका सबै नागरिकले गणतन्त्र आएको महसुस गर्नुपथ्र्यो हुन सकेको छैन । गणतन्त्र आएपछि केही राम्रा काम नभएका होइनन्, भएका पनि छन् । सबै कुराको आलोचना गरेरमात्र हुँदैन, समाधान दिन सक्नुपर्छ । राजनीति दल र तिनका नेताहरू सत्ताका लागि एकआपसमा लड्न पछि हट्दैनन् । मुलुकलाई निकास दिनेभन्दा आफ्नै स्वार्थमा लिप्त छन् । व्यवहारमा स्वाधीन र सार्वभौम हुन नसकेको लज्जास्पद वर्तमान पनि । सरकारै लागि पर्दा पनि देशको एउटा राष्ट्रिय क्रिकेटरलाई विश्वकप खेल्ने भिसा दिलाउन नसक्नुले निरिहता कति रहेछ प्रष्ट हुन्छ । यो घटनाले हाम्रो अनुहार ऐनामा प्रष्ट देखिएको छ । जिम्मेवार व्यक्तिहरूका गैरजिम्मेवारीको पराकाष्ठाले हामीलाई कहाँ पुऱ्याउला ? खबरदारी गरौं ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम बिगार्नेको सक्रिय रहने देखिन्छ। नियमित खर्चसमेत बढ्ने योग छ । | **तुला** : बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । समाज सेवामा मन लाग्नेछ । |
| **वृष** : मिष्ठान्न भोजन प्राप्त हुने योग छ। प्रेम जीवन पनि सफल रहनेछ । | **वृश्चिक** : लाभदायी यात्रा हुनेछ । अरुलाई प्रभावित पारेर काम पनि बन्ला । |
| **मिथुन** : रोकिएको कामको गाँठो फुक्नेछ। स्वादिष्ट भोजन पनि पाइएला। | **धनु** : मित्रले कुरा काट्नसक्छन्। आम्दानीको तुलनामा खर्च ज्यादा रहनेछ। |
| **कर्कट** : रमाइलो यात्राको योग रहेको छ । आफन्तबाट सहयोग प्राप्त हुनेछ। | **मकर**: आँटेको कार्य पुरा होला । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **सिंह** : आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अल्छीपना पनि बढ्नेछ । | **कुम्भ** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । |
| **कन्या** : आफन्तको सहयोग पाइने छ । साझेदारीबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । | **मीन** : अधुरा कामहरू पुरा हुनेछन् । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। |

# शिक्षा

## माध्यमिक तहको समकक्षता प्रमाणपत्र अनलाइनबाटै

माध्यमिक तहको मान्यता तथा समकक्षताको प्रमाणपत्र अनलाइनबाटै पाइने भएको छ । पाठ्यक्रम विकास केन्द्रले नेपालमा सञ्चालित स्वदेशी वा विदेशी संस्था र बोर्डबाट शैक्षिक उपाधि हासिल गरी माध्यमिक तह (कक्षा १० र कक्षा १२ ) सरहको मान्यता तथा समकक्षता पत्र अनलाइनमार्फत उपलब्ध गराउन थालेको हो ।

विदेशी बोर्डबाट अध्ययन गरी आएका विद्यार्थीलाई केन्द्रले मान्यता तथा समकक्षताको प्रमाणपत्र प्रदान गर्दै आएको छ । हालसम्म विद्यार्थी स्वयम् उपस्थित भएर प्रमाणपत्र दिनुपर्ने अवस्था थियो । अबदेखि भने केन्द्रले सो प्रमाणपत्र अनलाइन मार्फत नै उपलब्ध गराउन थालेको हो ।

केन्द्रले यसअघि २०७९ पुस १ गतेबाट अनलाइन आवेदन लिन थालेको थियो । प्रमाणपत्र लिन भने शाखा नै पुग्नुपर्ने व्यवस्था रहेको थियो । तर, अब भने विद्यार्थीलाई




अनलाइनबाटै प्राप्त हुनेछ । र, विद्यार्थी आफैँले प्रिन्ट गर्न सक्नेछन् ।

केन्द्रको मान्यता तथा समकक्षता शाखाले शुक्रवार औपचारिक कार्यक्रम गरेर अनलाइनमार्फत प्रमाणपत्रको सुरुवात गरेको हो । शाखा निर्देशक विष्णु ज्ञवालीले विद्यार्थीलाई सहज सेवा दिनको लागि अनलाइन सुविधा दिन थालिएको बताए । मान्यता तथा समकक्षताको प्रमाणपत्र विद्यार्थीले आवेदन दिएको ३ देखि ७ दिनभित्र प्राप्त गर्ने ज्ञवालीले बताए । विद्यार्थीले अब घरबाटै उक्त प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् । त्यसका लागि अनलाइनमार्फत आवेदन दिनुपर्ने र आवेदनलाई रुजु गरेपछि त्यसको जानकारी मोबाइलमा एसएमएसमार्फत जानकारी दिइनेछ । रुजु भइसकेपछि मात्रै त्यसको लागि लाग्ने दस्तुर तिर्नुपर्नेछ । त्यसपछि सक्कल प्रमाणपत्र इमेलमार्फत प्राप्त गर्न सकिनेछ । *-रातोपाटी डटकम*

## बालबालिकालाई पनि तनाव हुन्छ र ?

अभिभावकत्व र अभिभावकले गर्नुपर्ने व्यवहार गर्न नजानेर गल्ती गरि रहेका पो छौ कि ? हामी सबैले आफ्ना कमजोरी महसुस गर्न ढिलो पो भयो कि ? आजभोलि बालबालिकामा मानसिक समस्या उत्पन्न गराउन हामीले जानीनजानी गल्ती गरि रहेका हूनसक्छौँ । अभिभावकलाई एउटा प्रश्न- बालबालिकालाई कुन उमेरमा मोबाइल दिनुभयो ? कक्षामा पहिलो भए के उपहार दिन्छु भन्नुभएको थियो ?

बालबालिकाले मोबाइल चलाइँरहदा हामीले हेरेका छौँ ? राति राति मोबाइलमा व्यस्त पो रहेकाछन् कि? अनुपयुक्त व्यक्तिसँग गफ गरिहेका पो छन् कि ?



बालकालिकासँग कूराकानी गर्दा थाहा पाएका केही कुरा लेख्ने जमर्को गर्दैछु । बालबालिकालाई धेरै तनाव धेरै रिस, चिन्ता अनि मानसिक समस्या देखिँदै गरेको अवस्थामा यसलाई न्यून गर्न वा तनाव, रिस चिन्ता एक्लोपनलाई व्यवस्थापन गर्न, परिवारले उनीहरूको समस्याको समाधानमा सहयोग गर्ने हो भने उनीहरूका कुरा सुन्नुपर्छ । यसले स्वस्थ मस्तिष्कको विकास गर्न मदत मिल्छ ।

आधनिक प्रविधिको जमाना अनुसार चल्नुपर्छ तर मोबाइलको अत्यधिक प्रयोगले बालबालिकाको दिमागमा असर परिरहेको हुनसक्छ । आजभोलि बालबालिकालाई भुलाउने उपायका रूपमा, खाना खुवाउन वा हाम्रो काम सल्टाउन, दूख नदिउन् भन्न सजिलोका लागी मोबाइल दिइरहेका हुन्छौँ । प्रारम्भिक बालविकासको रणनीतिमा उल्लेख भएअनुसार बाल्यावस्थामा मस्तिष्कको विकास ५ वर्षमा ९० प्रतिशत भइसक्छ भने ८० प्रतिशत सिकाइको विकास हुन्छ । सिक्ने उमेरमा उनीहरूलाई हामीले मोबाइलको लत पो लगाइरहेका छौँ कि ? यस समयमा झन् उनीहरूलाई खेल र अन्य क्रियाकलापबाट सर्वाङ्गीण विकास गराउन सहयोग गर्ने जिम्मेवारीमा चुकेका पो छौँ कि ? बालबालिकासँग कुराकानी गर्दा उनीहरूले भनेका कुरा बुँदागतरूपमा

- सानोदेखि आमाबाबासँग सुतिन म । त्यसैले मलाई खासै आत्मीयता महसुस हुँदैन ।
- म भूतका कथा अनि मान्छेले आतमहत्या गरेको कुरा मात्र सुन्छु । त्यसैले राति निकै डर लाग्छ । अनि दिउँसो हिँड्दा पनि केही पछिपछि आए झैं लाग्छ ।
- मलाई एक्लो महसुस हुन्छ । घरमा टीभी पनि छैन । आमाबाबा बिहानैदेखि राति ९ बजेसम्म काममा व्यस्त हुँदा दुईवटा खाट, सोफा र पर्दामात्रै मेरो साथी भएजस्तो लाग्छ ।
- सधैँ बाबा ममीले अरूसँग तुलना गर्नुहुन्छ फलानोको छोराछोरीजस्तो भएको भए पो भन्दै ।
- केही गरेर नखाने भयो । बाबाले पिटिराख्नु हून्छ । आमाले जतिखेर पनि पढ भनीराख्नु हून्छ । खेल्न जान दिनुहुन्न ।
- बाबाममीले नपढे गाउँमा हलो किन्दिछु । घाँस काटेर त खान सकिएला नि !
- कुनै मान्छेले अल्लि सानो हुँदा नराम्ररी छोएको कारण अहिले पनि त्यो घटना सम्झिरहन्छु । नराम्रा सपना आउँछन् । कसैले मलाई लैजाँदैछ जस्तो, कसैले केही भनिरहे जस्तो लागिरहन्छ ।
- म बाबाआमालाई केही भन्दिन । किनभने मैले जे भने पनि विश्वास गर्नुहुन्न र अरूलाई भन्नु हुन्छ ।
- मलाई बुझ्ने कोही छैन । मलाई सुन्नेपनि कोही छैन । निन्द्रा लाग्दैन ।
- मलाई एकजना एकदमै मनपरेको थियो तर उसले वास्ता गरेन । त्यतिबेला मलाई 'एन्जाइटी' भएको थियो । अहिले कहिलेकाहीं सास रोकिएजस्तो हुन्छ । कसैले मार्न आएजस्तो हुन्छ अनि निद्रामै ऐँठन हुन्छ ।
- औषधि खाइरहेको छु । ममीबाबा डाक्टर बन्नैपर्छ भन्नुहुन्छ ।
- मलाई साथीले वास्ता गर्दैनन् । मलाई बुलिङ गर्छन् ।
- तिमीलाई त बाटोमा फालेको रहेछ कसले माया लागेर ल्याएको पाल्नलाई ? भनेर जिस्क्याउँछन् ।
- मेरो दाइलाई दिमागमा असर परेको छ कि क्या हो ? मलाई सधैँ पिट्नुहुन्छ अनि मैले 'बाबाममीलाई भन्दिन्छु' भन्दा 'म आत्महत्या गरेर मर्छु' भन्नुहुन्छ ।
- मेरो बाबाममी झगडा गरिरहनु हुन्छ । अनी डिभोर्स गर्छु भन्नुहुन्छ । मलाइ डर लाग्छ बाबाममी गुमाउछु कि भन्ने । त्यसैले पढ्न मन लाग्दैन ।

बालबालिकाका यस्ता कुरा सुन्दा नचाहँदा नचाहँदै तनाव तथा अन्य मनोसामाजिक समस्याले सताएको देखिन्छ । अनि बालबालिकाको मानसिक असर बारे कसैले सोचिरहेका छौँ त ? उनीहरूको कुरा बुझ्ने कोसिस गरेका छौँ त ? सबै स्कुलमा परामर्शकर्ताको आवश्यकता महसुस हुँदा पनि त्यसको अभाव हटाउन कुनै कदम चालिएको छैन ।

धेरै रिस अनि तनावका व्यवस्थापन गर्न जानेमा बालबालिकालाई मानसिक समस्या उत्पन्न हुन रोक्न सकिन्छ ।

पहिले उनीहरूका कुरा सुन्ने बानी विकास गर्नुपर्छ । यस्तै, हरेक विद्यालयमा एकजना नर्ससँगै एकजना मनोपरामर्शकर्ता पनि राख्न सकेमा बालबालिकाका मनोसामाजिक समस्या समाधान गर्न सहयोग पुग्नेछ ।

*-बाह्रखरी डटकम*

## शिक्षा क्षेत्रको हिस्सा घट्यो,अधिकांश कार्यक्रम पुरानै



सरकारले अधिकांश विगतकै कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयतर्फ २ खर्ब ३ अर्ब ६६ करोड बजेट विनियोजन गरेको छ ।

शिक्षा क्षेत्रको हिस्सा घट्यो, अधिकांश कार्यक्रम पुरानै राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठ शिक्षामन्त्री नियुक्त भएपछि नयाँ र राम्रा कार्यक्रम सहित शिक्षाको बजेट वृद्धि हुने अपेक्षा गरिएको थियो । अर्थमन्त्री वर्षमान पुनले संसद्मा प्रस्तुत गरेको बजेट वक्तव्यमा शिक्षा क्षेत्रलाई प्राथमिकता दिने पनि उल्लेख छ ।

तर शिक्षा क्षेत्रका लागि चालु आर्थिक वर्षभन्दा करिब ६ अर्ब बढी बजेट विनियोजन भए पनि आगामी वर्षको बजेटमा यो क्षेत्रको हिस्सा भने घटेको छ ।

चालु आवमा शिक्षा क्षेत्रका लागि १ खर्ब ९७ अर्ब २९ करोड अर्थात् कुल बजेटको ११.२६ प्रतिशत बजेट छुट्याइएकामा आव ०८१/८२ लागि १०.०९ प्रतिशतमा सीमित गरिएको छ ।

सरकार र राजनीतिक दलले शिक्षामा कुल बजेटको कम्तीमा २० प्रतिशत बजेट खर्च गर्ने घोषणा सहित बारम्बार प्रतिबद्धता दोहोऱ्याउँदै आएका छन् । तर व्यवहारमा भने त्यस्तो देखिएन ।

अर्थमन्त्री पुनले मंगलबार प्रस्तुत गरेको बजेटअनुसार शिक्षा क्षेत्रमा केही नयाँ कार्यक्रम थपिएका भए पनि अधिकांश पुरानैलाई निरन्तरता दिइएको छ । शिक्षाविद् विद्यानाथ कोइरालाले बजेटमा शिक्षा क्षेत्रमा नयाँपन नभएको बताए । 'अनिवार्य तथा निःशुल्क शिक्षाको कुरा पनि छैन । गुणस्तरको कुरा पनि छैन । कतिपय कार्यक्रम स्पष्ट पनि छैनन् । बजेट छुट्याएका कार्यक्रम पनि कसले कसरी गर्ने स्पष्ट देखिँदैन,' उनले भने, 'बजेट पनि विगतकै हाराहारीको मात्र छ । विद्यालयदेखि उच्च शिक्षासम्म नौला कार्यक्रम र आशा गर्ने विषय समावेश हुन सकेको छैन । विगतकै निरन्तरता मात्रै देखिन्छ ।'

कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई प्रदान गर्दै आएको विपन्न लक्षित छात्रवृत्ति कक्षा ६ सम्म विस्तार गरिने बजेटमा उल्लेख छ । यो छात्रवृत्तिबाट थप ४५ हजार विद्यार्थी लाभान्वित हुने अर्थमन्त्री पुनको दाबी छ । विद्यालय तहको छात्रवृत्तिका लागि ६० करोड विनियोजन गरिएको छ । कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई प्रदान गरिने दिवा खाजामा स्थानीय उत्पादन प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउने पुनले उल्लेख गरेका छन् । हुम्ला, मुगु, जुम्ला र कालीकोटका विद्यार्थीलाई दिइने दिवा खाजाको रकम वृद्धि गरिएको छ । सरकारले प्रतिविद्यार्थी दैनिक १५ रुपैयाँ खाजाका लागि उपलब्ध गराउँदै आएको छ । आगामी वर्ष ३० लाख बालबालिकालाई दिवा खाजा खुवाउने सरकारको लक्ष्य छ । त्यसका लागि ८ अर्ब ३९ करोड विनियोजन गरिएको छ । दिवा खाजा कार्यक्रमका लागि प्रत्येक प्रदेशका एक/एक स्थानीय तहमा 'मेघा किचन' स्थापना गर्ने भनिएको छ । एक लाख विद्यार्थीलाई आगामी वर्ष करिअर काउन्सिलिङमा आबद्ध गराउने घोषणा गरिएको छ ।

सामुदायिक विद्यालयमा 'साथीबाट सिक्ने र साथीलाई सिकाउने' कार्यक्रम सञ्चालन गर्ने पुनले घोषणा गरेका छन् । विद्यालयमा करिअर काउन्सिलिङ कार्यक्रम सञ्चालन गर्ने र त्यसबाट एक लाख विद्यार्थी लाभान्वित हुने उनको दाबी छ । विद्यालय नक्सांकन र शिक्षक दरबन्दी मिलान गर्ने गत वर्षदेखिकै कार्यक्रमलाई यस पटक पनि निरन्तरता दिइएको छ ।

आगामी वर्ष देशभरका ५ सय विद्यालयमा खानेपानी र शौचालय तथा एक हजार कक्षाकोठा निर्माण गर्ने घोषणा गरिएको छ । अपांगमैत्री, लैंगिक संवेदनशील र सुरक्षित एक हजार कक्षाकोठा निर्माण गर्न २ अर्ब ५० करोड बजेट विनियोजन गरिएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि ८७ करोड विनियोजन गरिएको छ । प्रारम्भिक बाल विकास शिक्षाको गुणस्तर वृद्धि गर्न बाल विकासका १ हजार ५ सय शिक्षकलाई 'बुट क्याम्प' मा सहभागी गराइने उल्लेख छ ।

बजेटमा चिकित्सा शिक्षा, कृषि, इन्जिनियरिङ, सूचना प्रविधि लगायत उच्च शिक्षा अध्ययनका लागि चक्रीय कोषमार्फत सहुलियतपूर्ण शैक्षिक कर्जा उपलब्ध गराउने घोषणा दोहोऱ्याइएको छ ।

गत वर्षका नीति तथा कार्यक्रम र बजेटमा पनि शैक्षिक ऋण प्रदान गरिने घोषणा गरे पनि कार्यान्वयन हुन सकेको छैन । चिकित्सा शिक्षा ऐनमा चिकित्सा शिक्षाका विद्यार्थीलाई शैक्षिक ऋण उपलब्ध गराउने कानुनी व्यवस्था रहे पनि विद्यार्थीले ऋण पाउने सकेका छैनन् । यी विषयमा जनशक्तिको आपूर्ति सुनिश्चित गर्न जनशक्ति प्रक्षेपण गरी शिक्षण संस्थालाई प्रदान गरिएको कोटामा समेत पुनरावलोकन गरिने बताए । बजेटमा चिकित्सा शिक्षा छात्रवृत्तिलाई लक्षित समूहमा केन्द्रित गरी सरकारी लगानीको दिगोपना कायम गर्न कानुन संशोधन गरिने उल्लेख छ । हाल सार्वजनिक मेडिकल कलेजमा अध्ययनरत विद्यार्थीले ७५ प्रतिशत छात्रवृत्ति पाउने कानुनी व्यवस्था छ । त्यसलाई संशोधन गरिने संकेत सरकारले गरेको हो ।

पोखरा, बर्दिबास, बुटवल र सुर्खेतमा मेडिकल कलेज स्थापना गर्ने अर्थमन्त्री पुनले जनाए । उदयपुर, मोरङ, पर्सा र चितवनमा मेडिकल कलेज स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने बजेटमा उल्लेख छ । धनगढीमा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनमा ल्याउने घोषणा गरिएको छ ।

विश्वविद्यालय गाभिने तथा पुन: संरचनाका विषयमा सरकारले अध्ययन गर्ने बताएका छन् । केन्द्र र प्रदेश सरकारले नयाँ-नयाँ विश्व विद्यालय स्थापना गरिरहँदा सरकारले आगामी आर्थिक वर्षको बजेटमा विश्वविद्यालय गाभ्ने र पुन: संरचना गर्ने विषयमा अध्ययन गर्ने जनाएको हो । सबैभन्दा ठूलो र जेठो त्रिभुवन विश्वविद्यालयलाई पुन:संरचना गर्न विज्ञहरूले यसअघि नै सुझाव दिइसकेका छन् । विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापनमा एकरूपता कायम गर्न एकीकृत ऐन तर्जुमा गर्ने घोषणा गरिएको छ । त्यसका लागि विश्वविद्यालय अनुदान आयोगलाई समेत पुन:संरचना गर्ने घोषणा गरिएको छ ।

विश्वविद्यालय, शैक्षिक प्रतिष्ठान र विश्वका प्रतिष्ठित विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठान बीचको सहकार्यमा विद्यार्थीलक्षित नवीनतम ज्ञान, सीप र प्रविधि आदानप्रदान गरिने बजेटमा उल्लेख छ । त्रिभुवन विश्वविद्यालयलाई उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विकास गर्ने गत वर्षकै कार्यक्रमलाई यस पटक पनि निरन्तरता दिइएको छ ।

अध्ययनका लागि नेपाल आउने विदेशी विद्यार्थीलाई भिसा प्रक्रियामा सहजीकरण गरिने अर्थमन्त्री पुनले जनाए । विश्वविद्यालय लगायत सरोकारवालाले विदेशी विद्यार्थीको भिसा प्राप्ति प्रक्रिया सरलीकरण गरिदिन सरकारलाई आग्रह गर्दै आएका थिए ।

*-इकान्तिपुर डटकम*

# रायमाझी कुलदेवता समिति पाल्पाको अध्यक्षमा कमल



**पाल्पा,** जेठ २०/रायमाझी कुलदेवता समिति पाल्पाको अध्यक्षमा कमल रायमाझी निर्विरोध चयन भएका छन् । समितिको छहरामा भएको २३ औं साधारणसभा तथा ७ औं अधिवेशनले रायमाझीलाई अध्यक्षमा चयन गरेको हो ।

लामो समयदेखि रायमाझी बन्धुहरुको हितमा काम गर्दै आएका उनी जिल्लाको विभिन्न सामाजिक संघसंस्थामा समेत सक्रिय रहेका छन् । रायमाझीबन्धुहरुलाई एक ठाउँमा गोलबन्ध बनाउने कार्यमा महत्वपूर्ण योगदान पुर्‍याउदै आएका रायमाझी विगतदेखि नै कूलदेवता समिति तानसेन नगरको कोषाध्यक्षको जिम्मेवारीमा पनि छन् । अध्यक्षामा चयन भएसँगै उनले आगामी दिनमा जिल्लाभर छरिएर रहेका रायमाझी बन्धुहरुलाई एकिकृत बनाएर उनीहरुको दुख, सुखमा समितिले काम गर्ने प्रतिवद्धा व्यक्त गरे। अधिवेशनले रायमाझीको नेतृत्वमा १७ सदस्य रायमाझी कुलदेवता समिति समेत चयन गरेको छ । जसको उपाध्यक्षमा बुद्धिबहादुर रायमाझी, सचिवमा शंकर रायमाझी, सह-सचिवमा सोमबहादुर रायमाझी, कोषध्यक्षमा रञ्जना रायमाझी, सह-कोषाध्यक्षमा हरि रायमाझी चयन भएका छन् । अधिवेशनको समितिका केन्द्रीय अध्यक्ष तथा नेपाल राष्ट्र बैकका पूर्व डेपुटी गर्भनर बिरबिक्रम रायमाझीले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि रायमाझीले लामो इतिहास बोकेको रायमाझीहरुको उद्गमस्थल पाल्पाको छहरामा हुने कुलपुजाले देश तथा विदेशमा रहेका रायमाझी बन्धुहरुको मिलन र एकताको सन्देश फैलाउने गरेको बताए । कार्यक्रममा पूर्व सासंद तथा समितिका केन्द्रीय सदस्य यादवबहादुर रायमाझी, पूर्व प्रमुख जिल्ला अधिकारी तथा समितिका केन्द्रीय वरिष्ठ उपाध्यक्ष टेकबिरजंग रायमाझी, समितिका केन्द्रीय महासचिव तथा पूर्व डिएसपी गोपालबहादुर रायमाझी, छहराका वडा अध्यक्ष गोविन्द रायमाझी लगायतले रायमाझी कुलदेवता समितिका गतिविधीहरुका बारेमा चर्चा गर्दै रिडीमा रहेको पौवा संरक्षणमा सबैको सहयोग आवश्यक रहेको उल्लेख गरे । निवर्तमान अध्यक्ष झलकबहादुर रायमाझीले समितिको १० लाख बराबरको आर्थिक प्रतिवेदन सार्वजनिक गरेका थिए । सोही अवसरमा कुल पुजा २०८० मा महत्वपूर्ण योगदान गरेको भन्दै अध्यक्ष झलक रायमाझीसहित १८ जनालाई कदर पत्र र १३ जनालाई सम्मान पत्र र दोसल्लाले सम्मान गरिएको थियो । कार्यक्रममा रायमाझीबन्धुहरुका सन्ततीहरुलाई विभिन्न छात्रवृति समेत प्रदान गरिएको समितिले जनाएको छ । सचिव बुद्धि रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### रियललाई रेकर्ड १५ औँ च्याम्पियन्स लिगको उपाधि




**काठमाडौं** जेठ २०/रियल मड्रिड पुन: एकपटक युरोपको च्याम्पियन बनेको छ । शनिबार राति भएको खेलमा जर्मन क्लब बोरुसिया डर्टमन्डलाई पाखा लगाउँदै रियलले रेकर्ड १५ औँ पटक उपाधि जित्न सफल भएको हो ।

खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । रियलले राम्रो प्रदर्शन गर्न सकेन भने डर्टमन्डका करिम अडेयेमीले दुईवटा गोलको अवसर खेर फालेका थिए । निकलास फुलक्रुगको प्रयास गोलपोस्टमा लागेको थियो । रियलका गोलकिपर थियाबट कोर्टवाले पनि थुप्रै विपक्षीको प्रहार बचाऊ गरे ।

दोस्रो हाफमा सुधारिएको खेल प्रदर्शन गरेको रियलले ७४ औँ मिनेटमा अग्रता लियो । टोनी क्रुसको कर्नरमा ड्यानी कार्भाहालले गोल गर्दै रियललाई अग्रता दिलाए । नौ मिनेटपछि जुड बेलिङ्घ्यामको पासमा गोल गर्दै भिनिसियस जुनियरले रियलको जित सुनिश्चित गरे । योसँगै वेम्बलेमा डर्टमन्डले लगातार दोस्रो च्याम्प्यिन्स लिगको फाइनल गुमाएको छ । यसअघि सन् २०१३ मा टोली फाइनलमा जर्मन प्रतिद्वन्द्वी बायर्न म्युनिखसँग पराजित भएको थियो । रियलका म्यानेजर कार्लो एन्चेलोटीले प्रशिक्षकका रुपमा च्याम्पियन्स लिगको उपाधि जितेको यो रेकर्ड पाँचौं पटक थियो । त्यस्तै, टोनी क्रुस, कार्भाहाल, नाचो र लुका मोड्रिचले पनि कीर्तिमान बराबरी गर्दै छैटौं पटक उपाधि जित्न सफल भएका छन् ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अंकले बढ्यो



**पाल्पा,** जेठ २०/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले वृद्धि भएको छ । कारोबारको साताको पहिलो आइतबार १३ दशमलव ५१ अङ्कले वृद्धि भएको हो ।

नेप्से वृद्धि भएसँगै दुई हजार ८३ दशमलव ०४ को बिन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय २५ कम्पनीको ९६ लाख ९७ हजार दुई सय ६ कित्ता शेयर ६५ हजार ६ सय ५४ पटक खरिद बिक्री हुँदा चार अर्ब ३१ करोड १० लाख १५ हजार ६ सय २९ बराबरको कारोबार भएको छ । कारोबारमा लगानी समूह शून्य दशमलव २३, उत्पादन तथा प्रशोधन दुई दशमलव ४० र म्युचुअल फन्ड शून्य दशमलव ०५ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा धेरै व्यापार समूहको ६ दशमलव ५६ र वित्त समूहको उपसूचक दुई दशमलव १७ प्रतिशतले बढेको छ । त्यस्तै, बैंकिङ एक दशमलव ११, विकास बैंक शून्य दशमलव २२, होटल तथा पर्यटन शून्य दशमलव ४६ र जलविद्युत् एक दशमलव २६ प्रतिशतले बढेको छ । जीवन बीमा समूह शून्य दशमलव ७७, लघुवित्त समूह शून्य दशमलव ५२ र अन्य समूह शून्य दशमलव ९६ प्रतिशतले बढेको छ ।

मल्टीपर्पस फाइनान्स कम्पनी लिमिटेड र मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य नौ दशमलव १३ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको २२ करोड ६४ लाख १३ हजार २८ बराबरको तीन लाख ८२ हजार ३५ कित्ता शेयर किनबेच भएको छ ।

### मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेस्ता कायम नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त पाल्पा जिल्ला तानसेन न.पा. २ निवासी रमेश प्रसाद काफ्ले, धुर्वराज काफ्ले, बुद्धिराज काफ्ले र भगवती काफ्लेले हाम्रो बुवा ससुरा कमला कान्तको मिति २०४८।०६।१० मा मृत्यु भएको, निजको एकमात्र पत्नी रामलक्ष्मी काफ्लेको समेत मिति २०४२।०६।०९ मा मृत्यु भएको, निज दम्पतीबाट ४ भाई छोराहरु र ३ बहीनी छोरीहरुको जन्म भएकोमा छोरीहरुको विवाह भैसकेको साइलो छोरा विश्वराज काफ्लेको समेत मिति २०७१।०१।०९ मा मृत्यु भएको निजको एकमात्र पत्नी भगवती काफ्ले रहेको कान्छो बाबा / ससुरा देवराजको समेत २००० साल अगावै मृत्यु भएको निजको एकमात्र पत्नी हामीहरुको काकी / कान्छी सासु केशकान्तको समेत मिति २०६५।११।०७ मा मृत्यु भएको, निज दम्पती नि:सन्तान रहेको, निजहरुको पाल ताल, काज क्रिया, दान पुण्य खर्च समेत हामीहरुले गरेकोले मृतक कमला कान्त र देवराजको पत्नीका नाउँमा साविक रुप्से गा.वि.स ३ कि.नं. ११८ को जग्गा भएको र श्रेस्ता कायम नभएको हुँदा उक्त कि.नं. का जग्गाहरु मृतकका नाममा श्रेस्ता कायम गरी हामी निवेदक निजको मृत्युपछिको नजिकको हकदार भएको हुँदा उक्त कि.नं. को जग्गा हामी निवेदकहरुका नाममा नामसारी गरिपाउँ भनि माथागढी गा.पा. २ च.नं. ८४१ मिति २०८१/०२/०८ को सिफारिस, मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, मृत्यु प्रमाणित, नागरिकता प्रतिलिपि, तिरो रसिद, प्लट रजिष्टर उतार संलग्न राखी यस कार्यालयमा द.नं. ८०१७ मिति २०८१/०२/१३ मा निवेदन दिनुभएको ।

यसमा माथि उल्लेखित कि.नं. का जग्गा ज.ध.हरुले अन्यत्र बेचविखन वा अन्य तरिकाले हक हस्तान्तरण गरेका छन् या छैनन् ? निजहरुको मृत्यु भएको हो या होइन: कमला कान्तका के कति पत्नीहरु छन् ? १ मात्र पत्नी भनिएकी राम लक्ष्मी काफ्ले हुन कि होइनन् ? देवराजका के कति पत्नीहरु छन् ? १ मात्र पत्नी भनिएकी केश कान्त काफ्ले हुन कि होइनन् ? तिनीहरुका सन्तानहरु के कति छन् ? नि:सन्तान भनिएकोमा हो वा होइन ? नि:सन्तान भएको भए निजहरुको पाल ताल, काज क्रिया, दान पुण्य खर्च कसले गरेका हुन् ? तिनीहरुको शेषपछिका हकदारको को को छन् ? अविवाहित छोरीहरु छन् या छैनन् ? हाल उक्त कि.नं. का जग्गा कसले भोगचलन गरिरहेको छ ? उक्त कि.नं. का जग्गाहरु हालसम्म किन श्रेस्ता कायम नभएको हो ? ज.ध. पुर्जामा ज.ध. को वतन कायम नभएकोमा वास्तविक वतन कहाँ हो ? वडा सिफारिस, मुचुल्का, ना.प्र. मा उल्लेखित वतन भएका व्यक्तिहरु र ज.ध. पूर्जामा उल्लेखित व्यक्तिहरु एकै हुन् वा होइनन् ? ज.ध. कमलाकान्त र देवराजको पत्नी भनिएकोमा ज.ध. हरुको थर उल्लेख नभएकोमा निजहरुको वास्तविक थर के होला ? ना.प्र र वडा सिफारिसमा काफ्ले थर उल्लेख गरिएकामा हो वा होइन ? ज.ध. पूर्जामा देवराजको पत्नी भनी उल्लेख गरिएकोमा निजको नाम के हो ? केशकान्त हो वा होइन ? माथि उल्लेखित कि.नं. का जग्गाहरु निवेदकहरुको मागदावी बमोजिम श्रेष्ता कायम नामसारी गरिदिन मिल्छ कि मिल्दैन ? यी निवेदकहरु बाहेक अन्य कोही हकवाला छन् छैनन् ? मृतकहरुका नाममा श्रेस्ताकायम गरी निवेदकहरु रमेश प्रसाद काफ्ले, धुर्वराज काफ्ले, बुद्धिराज काफ्ले र भगवती काफ्लेको नाउँमा नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ की पर्दैन ? निवेदकहरुको मागदाबी बमोजिम श्रेस्ताकायम नामसारी गरिदिन मिल्छ कि मिल्दैन ? निवेदकहरु बाहेक अन्य कोही हकवाला भएमा, कोही कसैलाई असर पर्ने भएमा वा निवेदन माग बमोजिम श्रेस्ताकायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुनबमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

इति सम्वत् २०८१ साल जेठ २० गते रोज १ शुभम् ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८५८, ५२१८५६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


### दर्ता प्रमाण पत्र हराएको सूचना

नेपाल स्वास्थ्य व्यवसायी परिषद् काठमाडौंबाट जारी भएको दर्ता नं. C२८३८१ CMA दर्ता प्रमाण-पत्र मिति २०८१/०१/०२ गतेका दिन तानसेन हुलाक चोकदेखि पेट्रोल पम्प जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

नाम : जीवन राना
ठेगाना : रैनादेवी छहरा गा.पा-८, सत्यवती, पाल्पा
सम्पर्क नं. : ९८५७०६०६९०

# रामपुरका महिलालाई तालिमसँगै प्रविधि



**पाल्पा,** जेठ २०/जिल्लाको रामपुर नगरपालिकाले महिलाहरुलाई तालिमसँगै प्रविधि दिएको छ । नगरपालिकाको गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत महिलाहरुका लागि तीन महिने आधारभूत व्यवसायिक सिलाई कटाई तालिम र प्रविधि दिइएको हो ।

रामपुर नगरपालिका- १ स्याउली बजारमामा सञ्चालित एक महिने व्यवसायिक सिलाई कटाई तालिम आइतबार सकिएको छ । तालिम सकिएसँगै सहभागीहरुलाई प्रमाण पत्र र सिलाई मेसिन वितरण गरिएको हो । नगरपालिकाका प्रवक्ता एवं वडा नं. १ का वडा अध्यक्ष कपिल बहादुर खाँणले मेसिन र प्रमाणपत्र हस्तान्तरण गर्दै तालिममा सिकेका कुराहरुलाई व्यवसायिक रुपमा लगाउन सहभागीहरुलाई आग्रह गरे । तालिममा सिकेको सीपको माध्यमबाट आत्मनिर्भर बन्न सकेमा मात्रै तालिम सञ्चालनको औचित्य हुने भन्दै त्यसको प्रभावकारी उपयोग गर्नुपर्नेमा उनले जोड दिए । उनले महिलाहरुलाई उद्यमशिलतातर्फ लाग्न अनुरोध समेत गरे । वडा सदस्य जीवन माया नेपालीले तालिममा सिकेका ज्ञान, सीपमार्फत आत्मनिर्भर बनी समाजमा उदाहरण पेस गर्नुपर्ने सुझाव दिइन् । कार्यक्रममा नगरपालिकाका सूचना प्रविधि अधिकृत महेन्द्र प्रसाद श्रेष्ठ, प्रशिक्षक भगवती विकले सिकेका सिपको व्यवहारमा लागु गर्न सुझाव दिए । कार्यक्रममा सहभागीहरुकोतर्फबाट खिम कुमारी नेपालीले तालिम प्रभावकारी भएको बताउँदै व्यवहारमा समेत उतार्ने प्रतिवद्धता जनाइन । तालिममा सहभागी ८ जना महिलाहरु मध्ये ७ जनालाई सिलाई मेसिन प्रदान गरिएको थियो । वडा अध्यक्ष कपिलबहादुर खाँणको अध्यक्षता, उद्यमविकास सहजकर्ता रुपेश बडुवालको सञ्चालनमा कार्यक्रम भएको थियो ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्राई, सम्पादक:जगदीशप्रसाद भट्राई